३, कार्यक्रमबाट अपेक्षा गरिएका उपलब्धि

(क) गाउँपालिका स्थानीय सेवाग्राहि बीचको सम्बन्ध अझ राम्रो हुनेछ ।

(ख) आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन हुने छ ।

४. कार्यक्रमको संक्षिप्त जानकारी

सार्वजनिक सुनवाई संयोजन गर्ने ब्यक्ति तथा सस्थाको नाम :– ग्लोवल कम्युनिकेशन एण्ड मिडिया कर्नर प्रा.लिद्वारा सञ्चालित रेडियो मितेरीका तर्फबाट लक्ष्मी गौतम र खविन लुइटेल

सार्वजनिक सुनुवाईको विषय : तुम्बेवा गाउँपालिकाद्वारा चालु आ.व २०७९ को साउन १ गते देखी २०८० असार मसान्तसम्म गतेसम्म संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीताको विषयमा सार्बजनिक सुनुवाइ कार्यक्रम र २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट सार्बजनिकिकरण कार्यक्रम ।

कार्यक्रम आयोजक : तुम्बेवा गाउँपालिका कार्यालय मौवा, पाँचथर

५, कार्यक्रमको विवरण

- ☐ मिति : २०८० साल असार ३१ गते
- ☐ गाउँ पालिकाको सभा हल मौवा पाँचथर पाँचथर
- ☐ समय : दिनको ११:०० वजेदेखि बेलुका ७:०० वजेसम्म

जवाफदेही वक्ताहरु

- ☐ गाउँपालिका अध्यक्ष श्री बाबुराम खड्का
- ☐ गाउँपालिका उपाध्यक्ष श्री खड्गसुन्दर सम्वाहाम्फे
- ☐ तुम्बेवा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत श्री मणिराम खतिवडा
- ☐ तुम्बेवा गाउँपालिका वडा नम्वर १ का अध्यक्ष श्री धनवहादुर कार्की
- ☐ तुम्बेवा गाउँपालिका वडा नं २ का अध्यक्ष श्री धनकुमार लावती
- ☐ तुम्बेवा गाउँपालिका वडा नं ३ का अध्यक्ष श्री नरधोज लावती
- ☐ तुम्बेवा गाउँपालिका वडा नं ४ का अध्यक्ष श्री रविन्द्र राइ
- ☐ तुम्बेवा गाउँपालिका वडा नं ५ का अध्यक्ष श्री प्रकाश राइ

९) कार्यक्रममा भएका सवाल जवाफहरु ।

| क्रम | प्रश्नकर्ताको नाम ठेगाना | प्रश्न | उत्तरदाता | जवाफ |
|---|---|---|---|---|
| ०१ | निशा थापा तुम्वेवा ३ | गाउँपालिकाले आफ्नै गुरु योजना बनाएको छैन किन होला ? | मणिराम खतिवडा प्र प्र अ | गुरु योजना र आवधिक योजना बनाउने विषयमा कार्यपालिकामा छलफल गरी प्रक्रिया शुरुवात गर्छौ । |
| २ | | गाउँपालिका र वडामा गठन हुने उपभोक्ता समिति गठनमै भागवण्डा हुन्छ किन होला ? | | उपभोक्ता समितिमा भागवण्डा भएको भन्ने सवालमा मेरो पनि ध्यानाकर्षण भएको छ । यदि भएको छ भने यो राम्रो होइन । अव त्यसो हुन नदिन हामी सवै जिम्वेवार वन्नुपर्छ । |
| | | एम्वुलेन्स र ट्याक्टरको आय व्यय सार्वजनिक गर्नु पर्छ कि पर्दैन ? | | एम्वुलेन्स र ट्याक्टरको आय व्यय प्रष्ट र पारदर्शी छ । एम्वुलेन्सवटा हालसम्म १६ जनाले निशुल्क सेवा लिएका छन । ट्याक्टरले गाउँपालिकाको सामग्री ढुवानी गर्छ । |
| ३ | | तमोर लिफ्ट खानेपानी आयोजनाको काम कता अल्मलियो गाँउपालिका अध्यक्ष बाबुराम खड्का आफै त्यस आयोजनाको सचिव होइन र ? | बाबुराम खड्का अध्यक्ष | तमोर लिफ्ट आयोजनाको काममा ढिलाइ हुनका धैरै कारण छन । आयोजना पक्षलाइ तातो लगाउने काम भइरहेको छ । म स्वयमले राजिनामा दिन खोजिरहेको छु । समितिमा नवसेर जनप्रतिनिधिकै ठाँउबाट काम चाँडो सक्न खवरदारी गरिरहन्छु । |
| ४ | इन्द्र कुरुम्वाङ अध्यक्ष शिक्षक महासघ | वडामा विनियोजन भएको २५ लाख दरको बजेट कम भयो । विगत वर्षमा भन्दा किन घटेको होला ? | | वडामा विनियोजन भएको वजेटले यसअघि तर्जुमा भएका काम हुन्छन । पहिले धेरै थियो अहिले घट्यो भन्न सान्दर्भिक लाग्दैन । पहिले भन्दा अहिले धेरै काम भएका छन । यदी धेरै नै पैसा थियो भने कहाँ गये तपाइ हामी सवै भएर खोज्नु पर्छ । |
| ५ | | अध्यक्षकप फुटवलको वास्तविक खर्च के कति | | अध्यक्ष कप फुटवलका लागि विनियोजन गरेको बजेट १० लाख हो |

| | | | | |
|---|---|---|---|---|
| | | सम्झौता देखि फर्स्यैटमा पनि सजिलो हुन्थ्यो कि | | पनि योजना किताब दीइएको छ जस्ले केहि सजिलो भएको छ । |
| १२ | सहजकर्ता सस्था मार्फत | पालिका भवन बन्न किन ढिलाइ भएको होला | बाबुराम खड्का अध्यक्ष | भवन निर्माणका केहि काम वाँकी छन । चाँडै सकिन्छ । |
| १३ | सहजकर्ता सस्था मार्फत | गत शैक्षिक सत्रमा स्कुललाइ दिएका ल्यापटप किन सन्चालनमा छैनन किन | राजेन्द्र पैडेल । शिक्षा शाखा | मर्मत गरेर चलाउनु पर्ने देखिएको छ । त्यसका लागी कार्यालय काममा लाग्छ । |

## **१०) सुझाव खण्ड**

१
सेसेहाङ लावती लिम्वुवान पार्टी प्रतिनिधि

इलाका प्रहरी कार्यालय भवन निर्माणको काममा राजनिती भयो। यसो हुनु राम्रो होइन।
विद्यालयहरुमा भाषा शिक्षण अन्तरगत आनिपान पठन पाठनको व्यवस्था हुनुपर्यो।

२
सहरसिङ तामाङ राष्टिय स्वतन्त्र पार्टी
चालु आवमा पालिकाका लागि विनियोजन भएको सवै रकम किन खर्च भएन। फ्रिज हुन नदिइ काम गर्नु पर्यो।
लखुवा दोभानदेखि गाउँपालिका केन्द्र मउवा जोड्ने सडकको काम पुरा गर्न जागरुक हुनुपर्यो।

३
धन साँवा इन्चार्ज नेकपा एमाले
उपभोक्ता समिति मार्फत हुने काममा मेसिन प्रयो भइरहेको छ। यसो हुनु राम्रे होइन।
पोखरी निर्माणको काममा खटाइएका श्रमिकलाइ दिइने ज्याला कम भयो। सरकारी मापदण्ड अनुसार गर्नु पर्यो।

## **११,सार्वजनिक प्रतिवद्धता खण्ड**

मणिराम खतिवडा प्रमूख प्रशासकीय अधिकृत :

- कर्मचारीको व्यहार सेवाग्राहि मैत्री वनाउछौ।
- सार्वजनिक सुनुवाईको निर्देशिका वनाउछौ।
- नागरिक वडा पत्र प्रयोगमा ल्याउछौं।

## ***खड्ग सुन्दर सम्बाहाम्फे (उपाध्यक्ष)***

- किसान लक्षित कार्यक्रमलाइ प्राथमिकिकरण गर्छौं।
- न्याय निरुपणमा पक्ष पोषण हुन नदिने।

